| | | | | | |
|---|---|---|---|---|---|
| ६ | लागत सहभागिता | १०००००००० | २.१ | चालु खर्च | |
| ७ | क्षेत्रीय शहरी विकास आयोजना | ४३५०००००० | २.१.१ | बडा कार्यालय तर्फ | १४८२६१९६ |
| ८ | सीमा क्षेत्र विकास कार्यक्रम | ४५०००००० | २.१.२ | नगरपालिका तर्फ | ९५२०००००० |
| | | | २.२ | पुंजीगत खर्च | ३३३१६८०४ |
| | | | ३ | वित्तिय समानीकरण | |
| | | | ३.१ | पुंजीगत खर्च | २५५६७४००० |
| | | | ४ | विषयगत शसर्त अनुदान | ३१९५००००० |
| | | | ५ | सामाजिक सुरक्षा | १८०००००००० |
| | | | ६ | नगर विकास कोषको ऋण | २०००००००० |
| | | | ७ | सडक वोर्डवाट प्राप्त आम्दानी | ७२०००००० |
| | | | ८ | लागत सहभागिता | १०००००००० |
| | | | ९ | क्षेत्रीय शहरी विकास आयोजना | ४३५०००००० |
| | | | १० | सीमा क्षेत्र विकास कार्यक्रम | ४५०००००० |
| | जम्मा | ११०६४१७००० | | जम्मा | ११०६४१७००० |

आज्ञले
हरि प्रसाद शार्मा
प्रमुख प्रशासकीय अधिकृत



# स्थानीय राजपत्र

## भीमदत्त नगरपालिका द्वारा प्रकाशित

**७ नं. प्रदेश, महेन्द्रनगर, कञ्चनपुर असार ९ गते शनिवार, २०७५ संख्याः ७**

## भाग : १

## भीमदत्त नगरपालिकाको विनियोजन ऐन, २०७५

भीमदत्त नगरपालिकाको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन भीमदत्त नगरपालिकाको विनियोजन ऐन, २०७५

**प्रस्तावना :**

भीमदत्त नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएको नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भीमदत्त नगरपालिकाको नगरसभावाट पारित भै यो ऐन लागु गरिएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भीमदत्त नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७५/७६ को निमित्त सञ्चित कोषवाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,१०,६४,१७,०००।- ( अक्षेरुपी एक अरव दश करोड चौंसट्ठी लाख सत्र हजार रुपैयाँ मात्र ) मा नवढाई निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिनेछ।



भीमदत्त नगरपालिका

**३.विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त  नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरपालिकाले वचत हुने शीर्षकवाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको  भएता पनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची-१

## (दफा २ सँग सम्वन्धित)

### नेपालको संविधान, २०७२ को धारा २२९ (२)  बमोजिम

| क्र. सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | आन्तरिक आय | १२०८२७६०० | १८७२४०० | | १२२७००००० |
| २ | | वित्तिय समानीकरण | ० | २५५६७४००० | | २५५६७४००० |
| ३ | | राजश्व बांडफाड | ११००२६१९६ | ३३३१६८०४ | | १४३३४३००० |
| ४ | | क्षेत्रिय शहरी विकास आयोजना | ० | ४३५००००० | | ४३५००००० |
| ५ | | विषयगत शाखा शसर्त | ३१९५००००० | ० | | ३१९५००००० |
| ६ | | सामाजिक सुरक्षा | १८००००००० | | | १८००००००० |
| ७ | | सीमा सुरक्षा कार्यक्रम | २०००००० | २५००००० | | ४५००००० |
| ८ | | नगर विकास कोष | ० | २००००००० | | २००००००० |
| ९ | | सडक बोर्ड कार्यक्रम | ० | ७२००००० | | ७२००००० |
| १० | | लागत सहभागिता | ० | १००००००० | | १००००००० |
| | | **कुल जम्मा** | **७३२३५३७९६** | **३७४०६३२०४** | | **११०६४१७०००** |
| | | | | | | |



| आर्थिक बर्ष २०७५/७६ को लागि प्रस्तावित बार्षिक बजेट | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **आम्दानी शीर्षक** | **रकम** | **सि.नं.** | **खर्च शीर्षक** | **रकम रु** |
| **१** | **आन्तरिक आय** | **१२२७०००००** | **१** | **आन्तरिक आय तर्फको** | |
| **२** | **वाह्य आय** | | १.१ | चालु खर्च | ६४९७७६०० |
| २.१ | वित्तिय समानीकरण | २५५६७४००० | १.२ | पुंजीगत खर्च | १८७२४०० |
| २.२ | सशर्त अनुदान | ३१९५००००० | १.३ | म्याचिङ फण्ड | ७५००००० |
| २.३ | राजश्व वाँडफाँड | १४३३४३००० | १.४ | सावा ब्याज भुक्तानी | ३००००००० |
| **३** | **सामाजिक सुरक्षा** | **१८०००००००** | १.५ | आय फिर्ता | १२५००००० |
| **४** | **नगर विकास कोषको ऋण** | **२०००००००** | १.६ | विभिन्न कोषहरुमा विनियोजन | ५८५०००० |
| **५** | **सडक वोर्डवाट प्राप्त आम्दानी** | **७२०००००** | २ | **राजश्व वाडफाड** | |

भीमदत्त नगरपालिका